प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको

# डिप्लोमा तथा प्रमाणपत्र तहको परीक्षा आवेदन फाराम भर्ने बारे अत्यन्त जरुरी सूचना

(मिति २०७५ जेठ २५ गते प्रकाशित)

यस परिषद्का आंगिक, साझेदारी, सामूदायिक विद्यालय र निजी स्तरमा संचालित शिक्षण संस्थाहरुमा डिप्लोमा इन इन्जिनियरिङ्ग, फुड एण्ड डेरी टेक्नोलोजी, सूचना प्रविधी र होटल म्यानेजमेन्ट कार्यक्रमको प्रथम बर्ष दोश्रो खण्ड, दोश्रो बर्ष दोश्रो खण्ड, तेश्रो बर्ष दोश्रो खण्ड एवं डिप्लोमा इन सोसियल वर्कस् कार्यक्रमको प्रथम बर्ष दोश्रो खण्ड र दोश्रो बर्ष दोश्रो खण्ड तथा प्रमाणपत्र तह नर्सिङ्ग, सामान्य चिकित्सा, कृषि, ल्याब टेक्नोलोजी, रेडियोग्राफी, होमियोप्याथी, डेण्टल साइन्स (डेण्टल हाइजिन), अप्थाल्मिक साइन्स, डिप्लोमा इन फार्मेसी, सामान्य आयुर्वेद चिकित्सा, फरेष्ट्री र अकुपन्चर कार्यक्रमको प्रथम, दोश्रो र तेश्रो वर्षको नियमित तथा आंशिक एवं डिप्लोमा इन फिजीयोथेरापी कार्यक्रमको प्रथम वर्षको नियमित तथा आंशिक र दोश्रो वर्षको नियमित परीक्षा २०७५ साल **श्रावण महिनावाट** संचालन हुने भएकोले परीक्षार्थीहरुले परीक्षा आवेदन फारम भरी बुझाउँनकालागि मिति ***२०७५ साल असार १४ गते भित्र नियमित शुल्कमा र २०७५ साल असार २१ गते भित्र विलम्व शुल्कमा*** तोकिएको हुंदा सम्वन्धित शिक्षण संस्थाहरुले अनिवार्य रुपमा परीक्षा आवेदन फाराम भराउँनु हुन यो सूचना प्रकाशित गरिएको छ। ***साथै निम्न शर्तहरु पूरा नभएका र तोकिएको समयभित्र आवेदन फाराम नबुझाउने शिक्षण संस्थाका विद्यार्थीहरुलाई परीक्षामा सम्मिलित नगराइने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ।***

## शर्तहरु:

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सबै भरिएको हुनुपर्नेछ। आवेदन फाराममा परीक्षार्थीको हालसालै खिचेको अनुहार प्रष्ट देखिने पासपोर्ट साईजको फोटो टाँसिएको हुनुपर्नेछ।

२. बार्षिक परीक्षा प्रणालीको हकमा नियमित तर्फ **परीक्षा शुल्क** **रु २५००।-** र सेमेष्टर प्रणाली तर्फ **परीक्षा शुल्क रु. २०००।-** तथा बिलम्ब शुल्कमा प्रति विद्यार्थी नियमित परीक्षा शुल्कको दोब्वर दस्तूर बुझाउनु पर्नेछ। साथै नियमित शुल्कको समय भित्र **Web based online system मा फाराम entry** नगरेमा **विलम्व शुल्क समेत लाग्नेछ।**

३. आंशिक परीक्षार्थीको हकमा एक विषय मात्रकालागि परीक्षा शुल्क रु. ३००।- र प्रत्येक थप विषयको लागि रु. १५०।- का दरले नियमित शुल्कमा र बिलम्व शुल्क प्रति विद्यार्थी तोकिएको शुल्कको दोब्वर दस्तुर बुझाउनु पर्नेछ।

४. ***सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षा आवेदन फाराम शुल्क वापतको रकम नियमित शुल्क बुझाउने अन्तिम मिति तथा बिलम्व शुल्क बुझाउने अन्तिम मितिको भोलिपल्ट अनिवार्य रुपमा बुझाउनु पर्नेछ।***

५. नियमित तर्फका जेहेन्दार तथा वर्गिकृत छात्रवृति प्राप्त परीक्षार्थीहरुलाई परीक्षा शुल्क लाग्ने छैन।

६. ***आंशिक परीक्षार्थीको हकमा शैक्षिक शत्र २०६९/७० देखि २०७३/७४ (ई. सं. २०१२ देखि २०१६) सम्म भर्ना भई रजिष्ट्रेशन भएका विद्यार्थीहरुले मात्र परीक्षा आवेदन फाराम भर्न पाउँने छन्।***

७. **नियमित तर्फ सेमेष्टर परीक्षा प्रणालीको प्रथम बर्ष दोश्रो खण्ड, दोश्रो बर्ष दोश्रो खण्ड र तेश्रो बर्ष दोश्रो खण्ड तथा बार्षिक परीक्षा प्रणालीको प्रथम, दोश्रो र तेश्रो बर्षका** परीक्षार्थीहरुको परीक्षा आवेदन फारामहरु Web based online system मा entry गरी समष्टिगत फारामको क्रमअनुसार मिलाई कार्यक्रम अनुसारको समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोहि फाईलमा संलग्न गर्नुपर्नेछ।

८. आंशिक तर्फ **शैक्षिक शत्र २०७३/७४ (ई. सं. २०१६) मा भर्ना भई रजिष्ट्रेशन भएका** सेमेष्टर परीक्षा प्रणालीको प्रथम बर्ष दोश्रो खण्ड तथा बार्षिक परीक्षा प्रणालीको प्रथम बर्षका परीक्षार्थीहरुको मात्र परीक्षा आवेदन फारामहरु **Web based online system मा entry गरी समष्टिगत फारामको क्रम अनुसार मिलाई कार्यक्रम अनुसारको समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोहि फाईलमा संलग्न गर्नुपर्नेछ।**

९. आंशिक तर्फ ***शैक्षिक शत्र २०६९/७० देखि २०७२/७३ (ई. सं. २०१२ देखि २०१५) सम्म भर्ना भई रजिष्ट्रेशन भएका*** सेमेष्टर परीक्षा प्रणालीको प्रथम बर्ष दोश्रो खण्ड, दोश्रो बर्ष दोश्रो खण्ड र तेश्रो बर्ष दोश्रो खण्ड तथा बार्षिक परीक्षा प्रणालीको प्रथम, दोश्रो र तेश्रो बर्षको परीक्षा आवेदन फारामसाथ **www.ctevt.org.np** मा उपलब्ध ***समष्टीगत फारामको Soft Copy मा समष्टीगत तयार गरी समष्टीगत फारामको प्रमाणित प्रति Printed Copy दुई प्रति र एक प्रति Soft Copy समेत (Excel 7.0)*** मा अनिवार्य रुपमा बुझाउँनु पर्नेछ।

१०. नियमित तर्फ सेमेष्टर परीक्षा प्रणालीको प्रथम बर्ष दोश्रो खण्ड र दोश्रो बर्ष दोश्रो खण्ड र तेश्रो बर्ष दोश्रो खण्ड तथा बार्षिक परीक्षा प्रणालीको प्रथम, दोश्रो र तेस्रो बर्षका परीक्षार्थीहरुको **आन्तरिक मूल्यांकनको प्राप्तांक Web based online system मा entry गरी** ***प्रमाणित एक प्रति (Printed Copy)*** अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ।

११. आंशिक परीक्षार्थीहरुको हकमा आन्तरिक मूल्यांकन परीक्षामा अनुतिर्ण ***(NQ)*** परीक्षार्थीहरुको मात्र आन्तरिक मूल्यांकनको प्राप्तांक परीक्षा फारामा साथ पेश गर्नु पर्नेछ।

१२. आंशिक तर्फ ***शैक्षिक शत्र २०६९/७० देखि २०७२/७३ (ई. सं. २०१२ देखि २०१५) सम्म भर्ना भई रजिष्ट्रेशन भएका*** सेमेष्टर परीक्षा प्रणालीको प्रथम बर्ष दोश्रो खण्ड, दोश्रो बर्ष दोश्रो खण्ड र तेश्रो बर्ष दोश्रो खण्ड तथा बार्षिक परीक्षा प्रणालीको प्रथम, दोश्रो र तेश्रो बर्षका परीक्षार्थीहरुको आन्तरिक मूल्यांकनको ***प्रमाणित Printed Copy एक प्रति र Soft Copy (DVD) Excel 7.0 मा*** अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ।

१३. आन्तरिक मूल्यांकन परीक्षामा उतिर्ण परीक्षार्थीहरुमात्र अन्तिम परीक्षामा सामेल हुन पाउने छन। आन्तरिक मूल्यांकन परीक्षामा अनुतिर्ण ***(NQ)*** परीक्षार्थीहरुले अनुतिर्ण विषय उल्लेख गरी परीक्षामा सामेल भएमा निजको सो विषयको परीक्षा स्वत : रद्द हुने छ।

१४ अन्य शिक्षण संस्थावाट रजिष्ट्रेशन भएका विद्यार्थीहरुको हकमा उक्त संस्थाको नाम परीक्षा आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ।

१५. नियमित तर्फ सेमेष्टर परीक्षा प्रणालीको प्रथमबर्ष दोश्रो खण्ड र दोश्रो बर्ष दोश्रो खण्ड र तेश्रो बर्ष दोश्रो खण्ड तथा बार्षिक परीक्षा प्रणालीको प्रथम, दोश्रो र तेश्रो बर्षका परीक्षार्थीहरुको ***परीक्षा आवेदन फाराम परिषद्को Website www.ctevt.org.np मा*** उपलब्ध हुनेछ।

१६. आंशिक तर्फ **शैक्षिक शत्र २०७३/७४ (ई. सं. २०१६)** मा **भर्ना भई रजिष्ट्रेशन भएका** सेमेष्टर परीक्षा प्रणालीको प्रथम बर्ष दोश्रो खण्ड तथा बार्षिक परीक्षा प्रणालीको प्रथम बर्षका परीक्षार्थीहरुको परीक्षा आवेदन फाराम ***परिषद्को Website www.ctevt.org.np मा*** उपलब्ध हुनेछ। परीक्षा आवेदन फाराम र प्रवेशपत्र पंहेलो रङ्गको A4 पेपरमा प्रिन्ट गर्नुपर्नेछ।

१७. आंशिक तर्फ ***शैक्षिक शत्र २०६९/७० देखि २०७२/७३ (ई. सं. २०१२ देखि २०१५) सम्म भर्ना भई रजिष्ट्रेशन भएका*** सेमेष्टर परीक्षा प्रणालीको प्रथम बर्ष दोश्रो खण्ड, दोश्रो बर्ष दोश्रो खण्ड र तेश्रो बर्ष दोश्रो खण्ड तथा बार्षिक परीक्षा प्रणालीको प्रथम, दोश्रो र तेश्रो बर्षका परीक्षार्थीहरुको परीक्षा आवेदन फाराम परिषद्, परीक्षा नियन्त्रण कार्यालय तथा परिषद्का क्षेत्रीय कार्यालयहरुबाट उपलब्ध हुनेछ। आवेदन फाराम व्यक्तिगत रुपमा बुझिने छैन। उक्त फाराम सम्बन्धित शिक्षण संस्था मार्फत बुझाउनु पर्नेछ।

१८. सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षा आवेदन फाराम बुझाउंदा बिषयगत नियमित तथा आंशिक एवं **नयां तथा पुरानो पाठयक्रमको छुट्टाछुट्टै** फायल खडा गरी शुल्क बुझाएको रसिद संलग्न गरी परीक्षा नियन्त्रण कार्यालय तथा परिषद्का क्षेत्रीय कार्यालयहरुमा तोकिएको मिति भित्र दर्ता गर्नुपर्नेछ।

१९. ***सम्वन्धित शिक्षण संस्थाहरुले नियमित शुल्कको परीक्षा आवेदन फारामहरु मिति २०७५ साल असार १९गते भित्र र विलम्व शुल्कको परीक्षा आवेदन फारामहरु मिति २०७५ साल असार २४ गते भित्र सकल बैङ्क भौचर सहित काठमाण्डौ, ललितपुर, भक्तपुर, दोलखा, नुवाकोट, काभ्रे, सिन्धुपाल्चोक, रामेछाप, सिन्धुली र ओखलढुङ्गा जिल्लाका शिक्षण संस्थाहरुले परिषद्, परीक्षा नियन्त्रण कार्यालय र माथि उल्लेखित जिल्ला बाहेकका शिक्षण संस्थाहरुले परिषद्का सम्बन्धित क्षेत्रीय कार्यालयहरुमा अनिवार्य रुपमा बुझाउनु पर्नेछ। म्याद नाघी प्राप्त भएका आवेदन*** *फारामहरु माथी कुनै पनि कारवाही हुने छैन।*

२०. प्रा. शि. तथा व्या. ता. परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमीमा परीक्षा आवेदन फाराम बुझाउँने शिक्षण संस्थाहरुले **रा. बा. बैङ्क, सानोठिमी, भक्तपुरको च. हि. नं. १७३०००००११०१** मा, पुर्व क्षेत्र क्षेत्रीय कार्यालय इटहरीमा परीक्षा आवेदन फाराम बुझाउँने शिक्षण संस्थाहरुले **रा. बा. बैङ्क, इटहरीको च. हि. नं. २५५०००१२७८०१ मा,** मध्य क्षेत्र क्षेत्रीय कार्यालय, भरतपुर, चितवनमा परीक्षा आवेदन फाराम बुझाउँने शिक्षण संस्थाहरुले **रा. बा. बैङ्क, भरतपुरको च. हि. नं. १३१०००६६७१०१ मा** र पश्चिम क्षेत्र क्षेत्रीय कार्यालय, कोहलपुर, बाँकेमा परीक्षा आवेदन फाराम बुझाउँने शिक्षण संस्थाहरुले **रा. बा. बैङ्क, कोहलपुरको च. हि. नं. ४२८००००९१९०१ मा शुल्क जम्मा गरेको सकल भौचर** परीक्षा आवेदन फाराम साथ संलग्न गर्नुपर्ने छ।

२१. आंशिक तर्फ ***शैक्षिक शत्र २०६९/७० देखि २०७२/७३ (ई. सं. २०१२ देखि २०१५) सम्म भर्ना भई रजिष्ट्रेशन भएका*** सेमेष्टर परीक्षा प्रणालीको प्रथम बर्ष दोश्रो खण्ड, दोश्रो बर्ष दोश्रो खण्ड र तेश्रो बर्ष दोश्रो खण्ड तथा बार्षिक परीक्षा प्रणालीको प्रथम, दोश्रो र तेश्रो बर्षका परीक्षार्थीहरुको परीक्षा **Symbol No.** परिषद्को Website WWW.ctevt.org.np मा उल्लेख भए अनुसार हुनुपर्ने छ ***र Symbol No. राख्दा Numbering Machine मा रातो रङ्गको मसीको प्रयोग अनिवार्य रुपमा गरेको हुनुपर्ने छ।***

२२. यो सूचना परिषद्को **Web Site** www.ctevt.org.np मा उपलब्ध हुनेछ।

**नियन्त्रक**